जि.प्र.का.सिरहा द.नं. ८७–०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका–६, सिरहा
फोन नं.: ०३३–५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः २६ पृष्ठः ४ | २०८३ जेठ ०१ शुक्रबार (Friday 15 May 2026) | मूल्य रु. ५।– | इमेल : mgnd2070@gmail.com

## जनशक्ति अभावमा लहान प्रादेशिक अस्पतालमा 'सिटी स्क्यान' सेवा सञ्चालन भएन



सिरहा, ३१ वैशाख। सिरहाको लहानस्थित रामकुमार सारडा उमाप्रसाद मुरारका प्रादेशिक अस्पतालमा उद्घाटन गरिएको 'सिटी स्क्यान' सेवा जनशक्ति अभावका कारण सञ्चालन हुन सकेको छैन। यही वैशाख २१ गते उद्घाटन गरिए पनि दक्ष प्राविधिक नहुँदा सेवा सञ्चालन हुन नसकेको हो। अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष रामनारायण मेहताले मेसिन भएर पनि सेवा दिन नसक्दा जनमानसमा गलत सन्देश गएकाले जनशक्ति व्यवस्थापनका लागि सरकारले सहयोग गर्नुपर्ने बताए।

"आमनागरिकले सस्तो र सुलभ मूल्यमा विशेषज्ञ सेवा पाउन् भन्ने पवित्र उद्देश्यले धेरै पहल गरेर मेसिन त ल्यायौँ, तर सञ्चालन गर्ने प्राविधिक जनशक्ति नहुँदा अप्ठेरोमा परेका छौँ", उनले भने।

अस्पताल प्रशासनका अनुसार यो सेवा पूर्ण रूपमा सञ्चालन गर्न कम्तीमा एक जना रेडियोलोजिस्ट, एक जना रेडियो प्राविधिक र अर्को एक जना सहयोगी गरी तीन जना कर्मचारीको तत्काल आवश्यकता छ। हालै (जेठ २४ गते) कार्यभार सम्हालेकी अस्पताल प्रमुख डा वर्षा प्रकाशले जनशक्ति व्यवस्थापनका लागि प्रदेश सरकारको विषयगत मन्त्रालयमा पहल भइरहेको बताइन्। उनले भनिन्, "हामीले आवश्यक जनशक्तिका लागि सम्बन्धित प्रदेश मन्त्रालयमा निरन्तर समन्वय र ताकेता गरिरहेका छौँ, तर यस विषयका दक्ष जनशक्ति ( रेडियोलोजिस्ट) प्रदेशभरि नै अभाव रहेकाले मन्त्रालयले कहिलेसम्म कर्मचारी पठाउँछ भन्ने टुङ्गो लाग्न सकेको छैन।"

मधेस प्रदेशमा कर्मचारी समायोजनबाट आएका एक्ला वरिष्ठ रेडियोलोजिस्ट डा बृजेन्द्रकुमार साह यसअघि यही अस्पतालमा निमित्त मेसुका रूपमा कार्यरत थिए। प्रदेश सरकारले डा साहकै विज्ञतालाई हेरेर लहानमा सिटी स्क्यान मेसिन पठाएको थियो, तर गत माघ २ गते मन्त्रालयले डा साहलाई सर्लाहीको मलङ्गवास्थित प्रादेशिक अस्पतालमा सरुवा गरेपछि समस्या भएको जानकारहरू बताउँछन्।

यहाँ मधेस प्रदेशका तत्कालीन स्वास्थ्य तथा जनसंख्यामन्त्री शत्रुधनप्रसाद सिंहको कार्यकालमा

**–बाँकी अन्तिम पेजमा**

## अर्नमामा १० करोडको कालोपत्रे सडक योजना सुरु



सिरहा, ३१ वैशाख। सिरहाको अर्नमा गाउँपालिका मा ग्रामीण सडक पूर्वाधार विस्तारअन्तर्गत बहुप्रतिक्षित कालोपत्रे सडक निर्माण कार्य अघि बढाइएको छ। गाउँपालिकाले प्रशासनिक भवनदेखि गोतहा हुँदै कृष्णपुर माध्यमिक विद्यालय, वडा नं. ५ कार्यालय र मुलकी सदा टोलसम्म सडक कालोपत्रे गर्ने योजना कार्यान्वयनमा ल्याएको जनाएको छ। आर्थिक वर्ष २०८२/८३ अन्तर्गत सञ्चालन गरिएको उक्त योजना ठेक्का नम्बर ०२/WORKS/ARNAMA/NCB/०८२–८३ मार्फत निर्माण हुन लागेको हो। गाउँपालिकाका अनुसार निर्माणको जिम्मा वर्ल्डवाइड इन्द्रेणी जेबी लाई दिइएको छ भने सम्झौता २०८३ वैशाख १६ गते सम्पन्न भएको हो। सम्झौताअनुसार कम्पनीले दुई वर्षभित्र निर्माण कार्य पूरा गर्नुपर्नेछ। योजनाको कुल लागत १० करोड २५ लाख ३७ हजार २ सय ८६ रुपैयाँ ९२ पैसा रहेको गाउँपालिकाले जनाएको छ। उक्त रकममा मूल्य अभिवृद्धि कर र प्रोभिजनल समसमेत समावेश गरिएको छ।

वर्षौंदेखि हिलो र धुलोको समस्या झेल्दै आएका स्थानीयवासीले सडक निर्माण सुरु भएपछि दैनिक आवागमन सहज हुने अपेक्षा गरेका छन्। सडकले गाउँपालिकाको प्रशासनिक केन्द्र, विद्यालय, वडा कार्यालय तथा बस्तीहरूबीचको पहुँचलाई थप प्रभावकारी बनाउने विश्वास गरिएको छ। जनप्रतिनिधिहरूले यो आयोजना ग्रामीण विकाससँग प्रत्यक्ष जोडिएको उल्लेख गर्दै सडक निर्माणपछि कृषि उत्पादन ढुवानी, शिक्षा, स्वास्थ्य सेवा तथा स्थानीय व्यापारमा सकारात्मक प्रभाव पर्ने बताएका छन्।

महिला हिंसा होइन समाधान,
आदर हो पहिचान।
महिलालाई सम्मान गरौं, सभ्य समाज निर्माण गरौं।

**आमसंचार प्राधिकरण**
मधेश प्रदेश, जनकपुरधाम




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

**धूम्रपान त्यागौं, स्वस्थ जीवनशैली अपनाऔं।**

- धूम्रपानले क्यान्सर, मुटु रोग र श्वासप्रश्वाससम्बन्धी समस्या निम्त्याउँछ,
- धूम्रपान स्वास्थ्यका लागि हानिकारक छ,

त्यसैले,

- सार्वजनिक स्थानमा धूम्रपान नगरौं,
- किशोर–किशोरीहरूलाई धूम्रपानबाट टाढा राखौं,
- धूम्रपानको लतबाट मुक्त हुन आवश्यक परामर्श र सहयोग लिऔं,
- धूम्रपान नगर्ने वातावरण सिर्जना गरौं,
- आ नो र परिवारको स्वास्थ्यको रक्षा गरौं,
- धूम्रपान त्याग्ने संकल्प गरौं,
- धूम्रपान विरुद्ध जनचेतना फैलाऔं र स्वस्थ समाज निर्माण गरौं।

**स्वस्थ जीवन, उन्नत भविष्यको आधार।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## कुखुरा बोकेरै आन्दोलन

**प्रिमेश सिवाकोटी**

रौतहट, ३१ वैशाख। रौतहटमा भारतबाट तस्करी गरी ल्याइएका कुखुरा र अण्डाले किसानदेखि व्यवसायीलाई मार परेको भन्दै आन्दोलन सुरु भएको छ। 'किसानलाई सास्ती, तस्करलाई मस्ती' भन्ने नारासहित रौतहटको सदरमुकाम गौरमा जिल्ला कुखुरा व्यवसायी किसान संघका अध्यक्ष, उपाध्यक्ष, सचिव सहित पदाधिकारी तथा स्थानीय किसानहरूले विरोध प्रदर्शन गरेका छन्।

प्रदर्शनकारीहरूले हात हातमा कुखुरा बोकेर बजार क्षेत्र परिक्रमा गर्दै तस्करीविरुद्ध नाराबाजी गरेका थिए। भन्सार कार्यालय गौर र

**–बाँकी तीन पेजमा**

# सम्पादकीय

## संसदीय मर्यादाको पालना गर

संसदीय पद्धति लामो परम्परा र अभ्यासबाट विकसित भएको हो। यही क्रममा संसदीय मान्यता, मर्यादा र प्रचलनहरूको विकास भयो। संसद्को संरचना र निर्माणमा देशैपिच्छे आआफ्ना विशेषता हुँदा पनि अधिकांश मुलुकमा संसदीय अभ्यासमा भने समानता देखिन्छ। सम्भवतः अहिले विपक्षी दलका सांसद्हरूले यही कारणले नेपालका प्रधानमन्त्री बालेन्द्र शाहको व्यवहार र उपस्थितिको विषय गम्भीरतापूर्वक उठाएको हुनुपर्छ। काबुबाहिरको कारणविना प्रधानमन्त्रीले संसद्लाई सम्बोधनै नगर्ने वा उपस्थित नै नहुने गरेको उदाहरण देखिएको छैन।

तर, नेपालमा अहिले प्रतिनिधि सभामा करिब दुई तिहाइ बहुमत पाउने राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ४ वर्ष पहिलेमात्रै गठन गरिएको हो। यसैले ४ वर्षको रास्वपाबाट ४ सय वर्ष पुरानो संसदीय अभ्यास र परम्पराको ज्ञान, मर्यादा एवं परिपक्वताको अपेक्षा गर्नु न्यायोचित पनि नहोला। नेपालको संसदीय अभ्यासको इतिहासमा भने क्रमिक क्षयीकरण भइरहेको देखिन्छ। पहिलो संसद्का सभामुख कृष्णप्रसाद भट्टराईले विपक्षी नेता भरत शमशेर राणालाई दिएको मर्यादा उदाहरणीय मानिएको थियो। भट्टराई र राणाको सम्बन्ध आजीवन सौहार्दपूर्ण रह्यो।

लोकतन्त्रको पुनःस्थापनापछि २०४८ सालको संसद्का सभामुख दमननाथ ढुङ्गानाको तटस्थता नेपालको इतिहासमा अर्को सराहनीय दृष्टान्त बनेको थियो। सरकार सत्ता पक्षको संसद् विपक्षको भन्ने उनले स्थापित गरेको मान्यताकै कारण भूमिगत जीवनबाट भर्खर आएको नेकपा (एमाले) संसद्मै रत्तियो। यस्तै प्रतिस्पर्धी दलकै नेताले रोजेका सभामुख सुवासचन्द्र नेम्बाङ संविधान निर्माणका क्रममा संसदीय मर्यादाको अग्निपरीक्षामा पटकपटक उत्तीर्ण भएका थिए। संसद्मा बन्दुक भिरेर जाने सांसद भएको सशस्त्र विद्रोहबाट भर्खर मूलप्रवाहमा आएको नेकपा (माओवादी)लाई बिच्किन नदिन नेम्बाङको भूमिका सराहनीय रह्यो।

विडम्बना, नेपालको संविधान, २०७२ पछिका सभामुखहरूमा भने संसदीय गरिमा धान्न सक्ने क्षमता देखिएन। त्यसपछिका सभामुखहरूको क्षमता, प्रस्तुति क्रमशः क्षीण हुँदैगएको छ। उनीहरूको संसद्को सभामुखभन्दा बढी पार्टी नेताको लाचार छाया जस्ता देखिए। कारण, पदको गरिमा धान्न सक्ने पात्र सभामुख भएनन्। ठूलो उथलपुथलपछि असमयमै भएको निर्वाचनमा रास्वपाले ठूलो बहुमत पायो। संसद्मा विपक्षको संख्या अपेक्षाकृत निकै कम छ। रास्वपाकै वरिष्ठ नेता सभामुख निर्वाचित भए। संसदीय मर्यादा र परम्पराको सम्मान नगर्ने हो भने संसद्लाई मिचेर जान पनि रास्वपालाई खासै मुस्किल देखिँदैन।

रास्वपा संसदीय दलका नेता प्रधानमन्त्री बालेन्द्र शाहले संसदीय पद्धतिमात्र होइन लोकतान्त्रिक प्रक्रिया र सामान्य शिष्टाचारप्रति पनि अवज्ञा देखाउँदै आएका छन्। उनका व्यवहार र सामाजिक सञ्जालका अभिव्यक्ति हेर्दा उनमा स्थापित पद्धति, प्रक्रिया, मान्यतामात्र होइन लोकतन्त्रप्रति उचित सम्मान देखिँदैन। प्रधानमन्त्रीलगायत सत्तारुढ दलका नेतामा परिपक्वता, धैर्य र संयम नहुने हो भने लोकतन्त्र उपहासमा परिणत हुन्छ। अर्कातिर, विपक्षमा पनि उत्तिकै गम्भीरता र जिम्मेवारीबोध हुनुपर्छ। लोकतन्त्र चरितार्थ हुन प्रक्रियाको पालनामात्र पर्याप्त हुँदैन। लोकतान्त्रिक संस्कार र आचरण पनि हुनुपर्छ।

सत्तारुढ रास्वपाभन्दा संसद्मा विपक्षी दलहरू धेरै पुराना हुन् भने तिनको संसदीय अभ्यासको अनुभव पनि निकै लामो छ। प्रमुख विपक्ष नेपाली कांग्रेस संसदीय लोकतन्त्रप्रतिको प्रतिबद्ध छ। त्यतिमात्र होइन कम्युनिस्ट पार्टीहरू नै पनि संसदीय लोकतन्त्रका मूल्य मान्यताको पालनामा प्रतिबद्ध देखिएका छन्। यसैले रास्वपा र यसको नेतृत्वबाट संसदीय अपरिपक्वता देखिए पनि विपक्षले संयम अपनाउँदै लोकतान्त्रिक मूलधारमा अभ्यस्त गराउन भूमिका खेल्नुपर्छ। सदनमा संसदीय मर्यादाविपरीतका व्यवहारको प्रतिवाद गर्नुपर्छ गर्नुपर्छ तर त्यसमा संसदीय कामकारबाहीमा अवरोध नहुनेगरी प्रस्तुत हुनु उचित हुनेछ।

ध्यानाकर्षण र अभिलेखनका लागि मात्र संसद्को बैठक अवरोध गरेर निर्धारित कामकारबाही अगाडि बढाउन विपक्षी दलहरूले सभामुखलाई सहयोग गर्नु बुद्धिमानी हुनेछ। विपक्षी सांसदहरूको अनुभव, निष्ठा तथा प्रतिबद्धताले पनि उनीहरूलाई जनउत्तरदायी हुन पक्कै प्रेरित गर्छ। अहिले विपक्षले सहेर पनि सिकाउने र सघाउने शैली अपनाउनु लोकतन्त्र र राष्ट्रको हितमा हुने देखिन्छ।

# 'फाइभजीः डिजिटल' अर्थतन्त्रको नयाँ आधार

**कमलकुमार बस्नेत**

काठमाडौँ, ३१ वैशाख। वर्ल्ड इकोनोमी फोरमले 'फाइभजी' प्रविधिलाई 'इन्टेलिजेन्ट इकोनोमी'को आधार मानेको छ। उक्त संस्थाले फाइभजी प्रविधि उद्योग, शिक्षा, स्वास्थ्य, कृषि र सार्वजनिक सेवामा डिजिटल क्रान्तिका लागि आवश्यक रहेको जनाएको छ। उच्च गतिको इन्टरनेट, 'लो लेटेन्सी' र कैयौँ उपकरणलाई एकैसाथ जोड्ने क्षमताका कारण फाइभजीले कृत्रिम बुद्धिमत्ता, स्मार्ट सिटी, स्वचालित उद्योग र डिजिटल व्यापारलाई नयाँ उचाइमा पुर्‍याउन सक्ने फोरमको निष्कर्ष छ।

फाइभजीले उत्पादनशीलता, रोजगारी, नवप्रवर्तन र आर्थिक वृद्धिलाई तीव्र बनाउँदै राष्ट्रलाई चौथो औद्योगिक क्रान्तिको केन्द्रतर्फ अघि बढाउने शक्तिशाली उत्प्रेरकको भूमिका खेल्न सक्छ। हाल विश्वमा फाइभजी नेटवर्क केवल उच्च गतिको इन्टरनेट सेवा मात्र नभई मुलुकको अर्थतन्त्र रूपान्तरण गर्ने आधारभूत पूर्वाधारका रूपमा पनि हेरिन थालेको छ। नेपालजस्तो विकासशील देशको सन्दर्भमा हेर्दा यसबाट अर्थतन्त्रका धेरै क्षेत्रमा ठूलो परिवर्तन आउन सक्ने विज्ञहरू बताउँछन्।

फाइभजी विस्तार हुँदा डिजिटल कारोबार, मोबाइल बैङ्किङ, ई–कमर्स तथा नगदरहित भुक्तानी प्रणालीलाई तीव्र गति दिन सक्छ। उद्योग क्षेत्रमा स्मार्ट मेसिन, स्वचालन र रियल–टाइम डाटा प्रयोग बढेर उत्पादन क्षमता र दक्षता वृद्धि हुने अपेक्षा गरिएको छ। कृषि क्षेत्रमा ड्रोन, स्मार्ट सेन्सर तथा डिजिटल सिँचाइ प्रणालीमार्फत उत्पादन वृद्धि र लागत नियन्त्रण सम्भव हुने देखिन्छ।

पर्यटन क्षेत्रमा भर्चुअल रियालिटी, स्मार्ट ट्राभल सेवा र डिजिटल प्रवर्द्धनमार्फत नेपाललाई अन्तरराष्ट्रिय बजारमा अझ प्रभावकारी रूपमा प्रस्तुत गर्न सकिनेछ। स्वास्थ्य क्षेत्रमा टेलिमेडिसिन, भिडियो परामर्श र रिमोट स्वास्थ्य निगरानी प्रणाली विस्तार हुँदा दुर्गम क्षेत्रका नागरिकले विशेषज्ञ सेवा पाउन सक्नेछन्। शिक्षा क्षेत्रमा अनलाइन कक्षा, डिजिटल ल्याब र एआई–आधारित सिकाइ प्रणालीले ग्रामीण र सहरी शिक्षाबीचको दूरी घटाउन मद्दत गर्ने अपेक्षा गरिएको छ।

विश्वबजारमा अभ्यासहरू हेर्ने हो भने यो प्रविधिले मेसिन तथा उपकरणलाई उच्च गतिको डेटा सेवामार्फत जोड्दै व्यापक डिजिटल रूपान्तरण दिशातर्फ उन्मुख भइरहेको छ। अझै नवीन प्रविधि 'सिक्सजी'मा पनि तयारी थालिसकेको देखिन्छ।

फाइभजीले नेपालमा आइटी, स्टार्टअप, क्लाउड कम्प्युटिङ र डाटा सेन्टर उद्योगलाई समेत गति दिने विश्वास गरिएको छ। यसले युवाहरूका लागि नयाँ रोजगारी सिर्जना गर्नाका साथै डिजिटल सेवा निर्यातको सम्भावना बढाउनेछ। काठमाडौँलगायत सहरमा स्मार्ट ट्राफिक, डिजिटल सुरक्षा तथा सार्वजनिक सेवा व्यवस्थापन प्रभावकारी बन्ने देखिन्छ। ऊर्जा क्षेत्रमा स्मार्ट ग्रिड र रियल–टाइम निगरानी प्रणालीमार्फत विद्युत् वितरणलाई व्यवस्थित बनाउन सकिनेछ।

**हामी कहाँ छौँ ?**

सञ्चार तथा सूचना प्रविधिमन्त्री डा विक्रम तिमिल्सिना फाइभजीमा जाने विषयमा द्विविधा नभए पनि तत्कालै फोरजी बन्द गरेर फाइभजीमा जाने अवस्था पनि नबनिसकेकाले सरकार फोरजीको गुणस्तर सुधार गरी अधिकतम उपयोग गर्दै फाइभजी सेवामा प्रवेश गर्ने योजनामा रहेको बताउनुहुन्छ।

उहाँले फाइभजी प्रविधि विस्तारका लागि सरकारले हालै ३३००–३७०० मेगाहर्ज ब्यान्ड खुला गर्न मार्गप्रशस्त गरेसँगै फ्रिक्वेन्सी उपलब्ध गराउने प्रक्रिया अघि बढाएको बताउनुभयो। मन्त्री डा तिमिल्सिनाले रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समितिको बैठकले प्रतिमेगाहर्ज आधारमूल्य रु ४० लाख निर्धारण गरेको उल्लेख गर्नुभयो।

नेपाल दूरसञ्चार प्राधिकरणका अनुसार टेलिकम सेवाप्रदायकलाई फाइभजीका लागि फ्रिक्वेन्सी उपलब्ध गराउनका लागि तयारी भइरहेको छ। प्राधिकरणका उपनिर्देशक डा प्रदीप पौड्यालका अनुसार फाइभजीका लागि फ्रिक्वेन्सी दिन तयारी गरिएको छ भने फ्रिक्वेन्सीको आधार मूल्य पनि तोकिएको छ। अबको केही समयपछि आवश्यक फ्रिक्वेन्सी अक्सन (लिलाम बढाबढ) गरेर दूरसञ्चार कम्पनीलाई दिनेगरी प्रक्रिया अगाडि बढाइने उहाँको भनाइ छ।

उपनिर्देशक पौड्यालले अब फाइभजीको परीक्षण गरिरहनुपर्ने अवस्था नरहेकाले सिधै फ्रिक्वेन्सी दिन लागिएको हो। "नेपाल टेलिकमले यसअघि काठमाडौँको सुन्धारा र बबरमहल तथा पोखरा एवं वीरगञ्जमा फाइभजीको परीक्षण गरिसकेको छ, उक्त परीक्षणमा नेपालमा पनि अन्तरराष्ट्रियस्तरमा जस्तै फाइभजी सेवा विस्तारका लागि सम्भव देखाइसकेको छ। त्यसैले अब परीक्षण गरिरहनु आवश्यक छैन, टेलिकम सेवाप्रदायकले चाहेमा फाइभजीका लागि फ्रिक्वेन्सी लिन सक्छन्", उहाँले भन्नुभयो।

निजी क्षेत्रको टेलिकम सेवाप्रदायक एनसेलले भने केही समय अघि फाइभजी परीक्षणका लागि अनुमति माग गरेको जनाएको छ। फाइभजी परीक्षणका लागि यो तेस्रो पटक आवेदन दिइएको एनसेलका प्रमुख कार्यकारी अधिकृत माइकल फोलेले हालै एक कार्यक्रममा बताउनुभएको थियो। "आवश्यक स्वीकृतिहरू प्राप्त भएमा यो क्षेत्रमा ठूलो लगानी गरेर प्रविधि विकासलाई गति दिन हामी तयार छौँ। फाइभजी नेटवर्क, डाटा सेन्टर तथा घर–घरमा गिगाबिट फाइबर सेवा विस्तार गर्ने हाम्रो योजना छ", उहाँले भन्नुभएको थियो।

नेपाल टेलिकमका सहप्रवक्ता प्रक्षेत थापा क्षेत्रीले पनि फाइभजी सेवा सञ्चालनका कम्पनीले तयारी गरिरहेको बताउनुभयो। उहाँका अनुसार नेपाल टेलिकम नियामक निकायबाट फ्रिक्वेन्सी प्राप्त गरी प्रमुख सहरहरूमा फाइभजी सेवा सञ्चालनको योजनामा छ। "फाइभजी सेवा खरिद गर्न ठूलो लगानी गर्नुपर्ने र दूरसञ्चार क्षेत्रमा वार्षिक फ्रिक्वेन्सी दस्तुर, अनुमतिपत्र र नवीकरण दस्तुर, ग्रामीण दूरसञ्चार विकास कोष र रोयल्टीलगायत अत्यधिक कर, दस्तुर आवश्यक पर्ने हुँदा हालको अवस्थामा अपेक्षित प्रतिफल प्राप्तिका लागि केही नीतिगत व्यवस्थासमेत गर्नुपर्ने देखिन्छ", क्षेत्रीले भन्नुभयो।

**के हो फाइभजी ?**

फाइभजी अर्थात् पाँचौँ पुस्ताको सञ्चार सेवा हो। यो हाल प्रयोग भइरहेको फोरजीपछिको आधुनिक र द्रुत सञ्चार प्रविधि हो। कृत्रिम बौद्धिकता, स्मार्ट सिटी, डिजिटल शिक्षा, टेलिमेडिसिन, क्लाउड कम्प्युटिङ, भर्चुअल रियालिटी र स्वचालित उद्योगका लागि फाइभजी महत्त्वपूर्ण मानिन्छ।

विज्ञहरूको अनुसार हाल दुई घण्टाको चलचित्र डाउनलोड गर्न थ्रिजी नेटवर्कमा औसत २६ घण्टा लाग्छ भने फोरजी नेटवर्कमा छ मिनेट, तर फाइभजीमा भने केही सेकेन्डमै डाउनलोड सम्भव हुन्छ। फाइभजी सञ्चालन भएपछि नेपालमा अल्ट्रा एचडी भिडियो, एआर–भिआर सेवा, स्मार्ट उद्योग, डिजिटल हेल्थ, स्मार्ट शिक्षा तथा आधुनिक प्रविधिको प्रयोग सहज हुनेछ।

फाइभजीको गति फोरजीभन्दा करिब १० गुणासम्म बढी हुन्छ भने यसको क्षमता सय गुणासम्म उच्च मानिन्छ। यसले १० जिबिपिएससम्म इन्टरनेट गति दिन सक्छ। साथै, प्रतिक्रिया समय निकै कम हुने भएकाले 'रियल टाइम' सेवा सम्भव हुन्छ। यसको अर्थ केवल छिटो भिडियो हेर्नु मात्र होइन, फाइभजीमार्फत टाढाबाट शल्यक्रिया, चालकविहीन सवारी, स्मार्ट कृषि, स्वचालित उद्योग, स्मार्ट ट्राफिक व्यवस्थापन, डिजिटल बैङ्किङ, अनलाइन शिक्षा र कृत्रिम बौद्धिकतामा आधारित सेवाहरू सहज रूपमा सञ्चालन गर्न सहज हुनु हो।

सरकारले डिजिटल पूर्वाधारलाई आर्थिक विकासको मुख्य आधारका रूपमा लिन थालेको छ। अर्थमन्त्री डा स्वर्णिम वाग्लेले नेपाललाई लगानीमैत्री र डिजिटल अर्थतन्त्रतर्फ उन्मुख बनाउन सरकार केन्द्रित रहेको बताइसक्नुभएको छ। नेपालमा स्मार्टफोन प्रयोगकर्ता बढिरहेका छन्। फाइभजी सपोर्ट गर्ने मोबाइलको आयात पनि बढ्दो क्रममा छ भने डाटा प्रयोग हरेक वर्ष वृद्धि भइरहेको छ। विश्वका धेरै देशले अहिले टुजी र थ्रिजी सेवा बन्द गरिरहेका छन्। विश्व सिक्सजीतर्फ अघि बढिरहेको अवस्थामा नेपालले पनि फाइभजीतर्फ कदम बढाउन थालेको हो।

**चुनौती पनि धेरै**

फाइभजी विस्तार सहज भने छैन। यसका लागि ठूलो लगानी आवश्यक पर्छ। एउटा सेवाप्रदायकका लागि मात्रै करिब रु ४० अर्बसम्म लगानी आवश्यक पर्ने अनुमान गरिएको छ। नेपालको दूरसञ्चार उद्योग पछिल्ला वर्षमा दबाबमा छ। ओटिटी सेवाको वृद्धि, इन्टरनेट सेवा प्रदायकसँगको प्रतिस्पर्धा, उच्च कर र नीतिगत अस्थिरताले उद्योगको आम्दानी र नाफामा असर परेको देखिन्छ।

नेपाल टेलिकमका सहप्रवक्ता क्षेत्रीले फाइभजी सेवा सुरु गर्नुभन्दा पहिले नीतिगत सहजता आवश्यक रहेको बताउनुभयो। "फाइभजीका लागि ठूलो लगानी गर्नुपर्छ, तर टेलिकम कम्पनीहरूको घट्दो आम्दानीको ग्राफले कम्पनीहरू फाइभजीका लागि नीतिमा सुधार आवश्यक रहेकामा प्रष्ट छन्", उहाँको भनाइ छ। एनसेलका प्रमुख कार्यकारी अधिकृत फोले नेपाललाई डिजिटल अर्थतन्त्रमार्फत समृद्धिको नयाँ चरणमा लैजान दूरसञ्चार पूर्वाधारमा तीव्र लगानी आवश्यक रहेको बताउनुहुन्छ। उहाँका अनुसार डिजिटल कनेक्टिभिटी अब ऐच्छिक सेवा रहेन, यो आधारभूत आवश्यकता बनिसकेको छ। "दूरसञ्चार, एआईलगायत क्षेत्रमा नेपालमा अझै पर्याप्त लगानी हुन सकेको छैन, जसले गर्दा हामी विश्वव्यापी प्रगतिभन्दा पछाडि परिरहेका छौँ", फोलेले भन्नुभयो।

जानकारहरूका अनुसार फाइभजी सफल बनाउन केवल नेटवर्क निर्माण मात्र पर्याप्त हुँदैन, त्यसका लागि दीर्घकालीन नीति स्थिरता, स्पेक्ट्रम शुल्कमा सहजीकरण, उपकरण आयातमा कर छुट, डिजिटल सुरक्षा कानुन र स्थिर व्यापार मोडल पनि आवश्यक हुन्छ।


**माइग्रेसन सर्टिफिकेट हराएको सूचना**

मिति २०८२ फागुन २० गते बाघबजार देखि बानेश्वर जाने क्रममा मेरो निम्न व्होरा भएको National Examination Board Migration Certificate (राष्ट्रिय परीक्षा बोर्ड माइग्रेसन सर्टिफिकेट) हराएको हुँदा पाउनु हुने महानुभावले मेरो निम्न ठेगाना वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन विनम्र अनुरोध छ।

Name : Dhirendra Kumari Yadav
Reg. No. 712511345
Symbol No. : 12501259
Cont. No. 9851103342

# रूख मारेर वनभित्र बस्ती, सुकुमबासीभन्दा जग्गावाल धेरै



**शारदा पोखरेल**

बारा, ३१ वैशाख। पूर्व–पश्चिम राजमार्गसँग जोडिएको पथलैया सामुदायिक वनमा सालको रूख मारेर बस्ती विस्तार गर्ने कार्य भयावह रूपमा बढेको छ। केही वर्षअघिसम्म घना जंगल क्षेत्र रहेको पथलैया सामुदायिक वनभित्र साल र अन्य प्रजातिका रूखलाई कडा रसायन प्रयोग गरेर मार्ने र घरटहरा बनाउने काम हुँदै आएको खुलेको छ। मानिसको बसोबास बढ्दै गएपछि सुरक्षित आवास र सुकुमबासी समस्या समाधान आयोगबाट जग्गाधनी पुर्जा कायम गर्न रूख मारिएको वन कार्यालयले जनाएको छ। अहिले पनि सामुदायिक वनभित्रको बस्तीमा दर्जनौं संख्यामा मरेका सालका रूखहरू ठडिएका छन्।

कानुनविपरीत सालका रूखहरूमा मारेको विषयमा न त वन सामुदायिक वन समूहले चासो देखाएको छ न वन कार्यालयले नै ध्यानाकर्षण जनाएको छ। पथलैया सामुदायिक वन समूहका उपाध्यक्ष भीमबहादुर मगरले २०६६ सालमा वन हस्तान्तरण गर्दा यहाँ करिब ७ सय घरधुरी थिए, तर हाल १ हजार ७ सय संख्या पुगेको उनले दाबी गरेका छन्। ‘अतिक्रमण बचाउन सामुदायिक वन समिति एक्लैले गर्न केही सक्दैन, वन कार्यालय लाग्नुपर्छ,’ उपाध्यक्ष मगरले भने, ‘रातारात वनको पिल्लर सारेर अतिक्रमण भएको छ। हामीले केही उपाय नलागेर छोडिदिएको हो।’

२३२ हेक्टर वन क्षेत्रमध्ये अधिकांश भागमा मानवी संरचना निर्माण भएका छन्। सो सामुदायिक वनमा छिटफुट मात्रामा सुकुमबासीहरू छन् भने अधिकांश पथलैयाकै अन्य ठाउँमा घरजग्गा भएका, सिमरा, हेटौंडा, काठमाडौंलगायत देशभर चल/अचल सम्पत्ति भएका व्यक्तिहरू रहेका स्थानीय एक महिलाले बताइन्। यो पूर्व–पश्चिम राजमार्ग र पथलैया–वीरगञ्ज औद्योगिक करिडोरसँग जोडिएको क्षेत्र हो। सामुदायिक वनको पश्चिम/दक्षिण क्षेत्रमा ठुला ट्रक व्यवसायीहरूले ग्यारेज सञ्चालन गरेका छन् भने केही भू–भागमा कवाडी तथा होटल व्यवसाय सञ्चालनमा छ।

जग्गाधनीहरूले सामुदायिक वनको जग्गा प्रतिकट्ठा मासिक १० देखि १५ हजारमा भाडामा समेत लगाएका यस क्षेत्रका व्यवसायीहरू नै बताउने गर्छन्। वनको भित्री भागमा भने निजी विद्यालय, मठमन्दिर, प्रदेश सरकारले निर्माण गरेका अधुरो भवनलगायत व्यक्तिले बनाएका संरचना छन्। पथलैया सामुदायिक वनका पूर्वअध्यक्ष चुडाप्रसाद भट्टले वनक्षेत्रभित्र मानिसको बसोबास बढेपछि स्थानीयले सालको रूखको बोक्रा तासेर, हिङ हालेर रूख मारेको बताएका छन्। ‘बोक्रा काटेपछि जराबाट पानी जान नपाएर ३ वर्षमा रूख मर्छ,’ पूर्वअध्यक्ष भट्टले भने, ‘सामुदायिक वन नक्सामा भन्दा धेरै अतिक्रमण भएको छ, यसमा अहिलेको अध्यक्षले कानुनअनुसार कारवाही गर्नुपर्छ।’

राजमार्गसँग जोडिएको वनको जग्गा प्रतिधुर २ देखि २ लाख ५० हजारसम्म किनबेच भइरहेको छ। स्थानीयबासी बुद्धिमाया राईले सरकारले वन क्षेत्रको अतिक्रमण हटाउँदा सुकुमबासीहरूलाई बसोबासको व्यवस्थापन गरिदिन अनुरोध गरेकी छन्। ‘यहाँ २ लाख रुपैयाँ धुर चलेको छ। हामीले पनि बाबु मगरसँग जग्गा किनेरै बसेको हो,’ स्थानीयबासी राईले भनिन्, ‘यही वनको जग्गाका केहीले पुर्जा पनि बनाएसके, हामीसँग निस्सा मात्रै छ।’

यो क्षेत्रमा पूर्व–पश्चिम राजमार्ग निर्माण क्रममा आएका मजदुर र उनका परिवारबाट बस्ती बस्न सुरु भएको हो। ५ देखि ८ वर्षको अन्तरालमा सामुदायिक वनभित्र हवात्तै बस्ती बढेपछि यसपटक भने डिभिजन वन कार्यालय बाराले ध्यानाकर्षण भएको जनाएको छ। दुई साताअघि वन कार्यालयले सामुदायिक वनहरूलाई पत्राचार गरेर अतिक्रमित जग्गाको विवरण माग गरेको छ। डिभिजन वन कार्यालय बाराका सहायक डिभिजन वन अधिकृत वीरेन्द्र यादवले सामुदायिक वनको अतिक्रमणको अवस्थाबारे स्थानीय प्रशासनमार्फत गृह मन्त्रालयमा जानकारी पठाएर खाली गर्ने प्रकियामा जाने बताएका छन्।

डिभिजन वन कार्यालय बारामा प्रमुख सुजितकुमार भाले पथलैया सामुदायिक वनको अतिक्रमणलाई जतिसक्दो चाँडो खाली गर्ने बताएका छन्। ‘हामीले अतिक्रमण नियन्त्रण सहजीकरण समितिको बैठकमा राखेर पथलैया सामुदायिक वनको अतिक्रमण खाली गर्छौं,’ डिभिजन वन अधिकृत भाले भने, ‘पथलैया सामुदायिक वनमा २/३ वर्षको अन्तरालमा १०/१५ वटा नयाँ घरहरू बनेका छन्, सुरुमा तिनलाई खाली गर्छौं।’ बारामा ४१ वटा सामुदायिक वन, ४ वटा साझेदारी वन उपभोक्ता समूह र राष्ट्रिय वन क्षेत्र छन्।

डिभिजन वन कार्यालयको तथ्यांकअनुसार बाराका वन क्षेत्रभित्र सकुमबासी, भूमिहीन र अव्यवस्थित बसोबास गर्ने १७ हजार घरधुरी रहेको जनाइएको छ।

# कम्प्युटर अपरेटर नासु थुनामा, विक्रम पाण्डेसहित ११ जनालाई धरौटीमा छाड्न आदेश

काठमाडौं, ३१ वैशाख। ई–बिडिङ प्रकरणमा मुद्दा चलाइएक मध्ये एक सरकारी कर्मचारी तथा क्युटर अपरेटर नासु दिवाकर देउजा पुर्पक्षका लागि कारागार चलान भएका छन्। राप्रपा नेता विक्रम पाण्डेसहित ११ जनालाई भने धरौटीमा छाड्न आदेश भएको छ। सीआईबीले यो प्रकरणमा २२ जनालाई मुद्दा चलाएकोमा १० जना फरार थिए।

कालिका कन्ट्रक्सनका सञ्चालक तथा राप्रपाका वरिष्ठ उपाध्यक्ष, पूर्वमन्त्री विक्रम पाण्डेलाई ४ लाख धरौटीमा छाड्न आदेश भएको छ। त्यस्तै प्रकाश ढुंगानालाई ४ लाख, सञ्जय भट्टलाई १० लाख, जीवनकुमार दासलाई ५ लाख, अमृत बोहोरालाई ४ लाख धरौटीमा छाड्न आदेश भएको छ। सागर कट्टवाललाई ५ लाख, अनिल श्रेष्ठलाई ४ लाख, भाष्कर राज अर्याललाई १० लाख, टंककुमार श्रेष्ठलाई ४ लाख, स्वदेश पोखरेललाई ४ लाख र ऋषिकेश गौलीलाई ४ लाख धरौटीमा छाड्न आदेश भएको छ।

सरोज दाहाल, शान्तकुमार श्रेष्ठ, कृष्णबहादुर खत्री, निरन्जन खनाल, इन्द्रबहादुर बोहोरा, ज्योति सुवेदी, सुजन अधिकारी, भरत धामी, राहुल जंग कार्की, नारायणप्रसाद सिटिखुलाई प्रतिवादी बनाइएको थियो। उनीहरू भने फरार छन्। सार्वजनिक खरिद अनुगमन कार्यालयको ई–गभर्भेन्ट प्रोक्युरमेन्ट प्रणालीमा अनधिकृत पहुँच पुऱ्याइ विभिन्न ठेक्काको विवरण हेरफेर हुने गरेको भन्दै प्रहरीको केन्द्रीय साइबर ब्युरो भोटाहिटीमा उजुरी परेको थियो।

ठेक्काहरूको आर्थिक प्रस्ताव खोल्नु अगावै डकुमेन्ट परिवर्तन हुने गरेको बताइएको थियो। प्रारम्भिक अनुसन्धानका क्रममा यो ठूलो संगठित अपराध रहेको खुलेपछि यसको अनुसन्धान साइबर ब्युरोभन्दा माथिल्लो निकाय सीआईबीले सुरु गरेको थियो। कर्मचारी देउजाले बोलपत्रको अन्तिम समय सकिएपछि अनधिकृत रूपमा पहुँच पुऱ्याएर सबैको विवरण हेर्ने र आफ्नो बोलपत्र प्रस्ताव स्वीकृत गर्न संशोधन गरी सबैभन्दा कम मूल्य राख्ने र टेन्डर हात पार्ने गरेको अनुसन्धानबाट देखिएको एक अधिकारीले बताए।

यसका लागि ठेकेदार कम्पनीहरूसँग सम्पर्क गर्ने र बार्गेनिङ गरेर रकममा कुरा मिलेपछि अनलाइन बोलपत्रमा पहुँच पुऱ्याएर विवरण संशोधन गर्दै ठेक्का हत्याउने गरेको सीआईबीको भनाइ छ। यसका मुख्य नाइके नै देउजा रहेको प्रहरीले बताएको छ। देउजाले प्राग्रामिङ, क्लाउड सर्भर र पीएचपी प्रयोग गरी आईएमएस सर्भर ह्याक गर्ने र ब्याकडोर सिर्जना गर्ने मुख्य काम गरेको सीआईबीले बताएको छ। उनले सञ्चालक व्यवस्थापकको रूपमा जीवन लिम्बु नक्कली पात्र खडा गरी ठेकेदारहरूसँग ह्वाट्स एपमा सम्पर्क गर्ने, इमेलमार्फत बार्गेनिङ गर्ने र ठेक्का मिलाइदिने प्रलोभन देखाएको पाइएको छ।

अर्का प्रतिवादी भाष्करराज अर्याल पनि कम्प्युटर इन्जिनियर रहेको र उनले बिटक्वाइनमार्फत कारोबारका लागि अमेरिकामा बसेका साथीमार्फत भुक्तानी गर्ने र नेपालमा नगदमा मिलान गर्ने गरेको प्रहरीले बताएको छ। यो प्रकरणमा जोडिएका मुख्य व्यक्ति देउजा यसअघि ३१ असार २०७७ पक्राउ परेका थिए। त्यतिबेला नेपाल टेलिकमको मोबाइल एपको सर्भर सिस्टम ह्याक गरी प्याकेज प्रयोग तथा बिक्री गरेर टेलिकमको राजस्व तथा व्यावसायिक छविमा गम्भीर क्षति पुऱ्याएको भन्दै देउजालाई सीआईबीले पक्राउ गरेको थियो।

# अव्यवस्थित बसोबासीभन्दा सुकुमवासीको संख्या बढी

**विजयकुमार साह**

ढल्केबर, ३१ वैशाख। धनुषामा अव्यवस्थित बसोबासीभन्दा भूमिहीन सुकुमवासीको संख्या धेरै रहेको पाइएको छ। भूमि समस्या समाधान आयोग जिल्ला समिति धनुषाले सङ्कलन गरेको तथ्याङ्क अनुसार जिल्लामा छ हजार ४९७ अव्यवस्थित बसोबासी छन् भने सात हजार ६९४ सुकुमवासी रहेका छन्। सरकारले भूमिहीन दलित, भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोबासीलाई लालपुर्जा वितरण गर्ने उद्देश्यले भूमि समस्या समाधान आयोग गठन गरेपछि निवेदन सङ्कलनको काम अघि बढाइएको थियो। आयोगमा हालसम्म भूमिहीन दलिततर्फ चार हजार ५९०, भूमिहीन सुकुमवासीतर्फ तीन हजार १०४ तथा अव्यवस्थित बसोबासीतर्फ छ हजार ४९७ निवेदन दर्ता भएका छन्।

भूमि समस्या समाधान आयोग जिल्ला समिति धनुषाका अनुसार जिल्लाका १८ स्थानीय तहमध्ये हालसम्म १४ स्थानीय तहबाट मात्रै निवेदन सङ्कलन भएको छ। ती स्थानीय तहबाट कुल १४ हजार १८१ निवेदन दर्ता भएका छन्। जसमध्ये सबैभन्दा बढी गणेशमान चारनाथ नगरपालिकाबाट मात्रै चार हजार ५७ निवेदन परेको छ। सबैला नगरपालिका, मुखियापट्टी मुसहरनिया, औरही तथा जनकनन्दिनी गाउँपालिकाबाट भने हालसम्म एउटा पनि निवेदन नआएको आयोगले जनाएको छ। भूमि समस्या समाधान आयोग जिल्ला समिति धनुषाका अध्यक्ष सुरेश कोइरालाले बाँकी रहेका स्थानीय तहसँग समन्वय गरी निवेदन सङ्कलन प्रक्रिया अघि बढाउने प्रयास भइरहेको बताउनुभयो।

उहाँका अनुसार निवेदन सङ्कलन भएका स्थानीय तहमा तथ्याङ्क प्रमाणीकरणपछि लाभग्राहीलाई निस्सा वितरण गरिने छ। त्यसपछि नापजाँच तथा स्थलगत अध्ययन गरी लालपुर्जा वितरणको प्रक्रिया अघि बढाइने छ।

अध्यक्ष कोइरालाले आगामी आठ महिनाभित्र निस्सा तथा लालपुर्जा वितरण गर्ने योजना बनाइएको भए पनि पछिल्लो राजनीतिक परिवर्तनसँगै आयोग नै खारेजीको सूचीमा परेकाले प्रक्रिया अन्योलमा परेको बताउनुभयो। उहाँले आयोग खारेजीको पत्र हालसम्म प्राप्त नभएकाले निरन्तर काम गर्दै आएको जानकारी दिनुभयो।

आयोगले भूमिहीन दलित, सुकुमवासी तथा अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउनेसम्बन्धी कार्यविधि, २०८१ समेत तयार गरिसकेको छ। कार्यविधि अनुसार वन क्षेत्रबाहेकको स्थानमा १० वर्षभन्दा बढी समयदेखि बसोबास गर्दै आएका व्यक्तिलाई अव्यवस्थित बसोबासीका रूपमा वर्गीकरण गरिएको छ।

कार्यविधिको दफा ५ तथा दफा ९ को उपदफा ४ बमोजिम दर्ता भइसकेका जग्गाको अनुसूची–८ अनुसार जग्गाधनी दर्ता स्रेस्ता र अनुसूची–९ अनुसार दर्ता प्रमाणपत्र पुर्जा तयार गर्ने व्यवस्था गरिएको आयोगले जनाएको छ। भूमि समस्या समाधान आयोगका केन्द्रीय सदस्य गुन्ज खड्काले निवेदनका आधारमा वास्तविक लाभग्राहीको पहिचान गरी लालपुर्जा वितरण प्रक्रिया अघि बढाउने बताउनुभयो। उहाँले आयोगले अधिकांश काम सम्पन्न गरिसकेको उल्लेख गर्दै धेरै स्थानमा नापनक्सा तथा आवश्यक प्रक्रिया पूरा भइसकेको जानकारी दिनुभयो।

यता धनुषाका अधिकांश स्थानीय तहले सडक तथा सार्वजनिक जग्गा अतिक्रमण गरी निर्माण गरिएका संरचना हटाउन सक्रिय भएका छन्। मिथिला, गणेशमान चारनाथ, छिरेश्वरनाथ, मिथिला बिहारी, सहिदनगरलगायतका स्थानीय तहले पूर्वसूचना जारी गरेर अतिक्रमित भवन तथा संरचना हटाउने अभियान थालेका हुन्। यद्यपि सर्वोच्च अदालतले सुकुमवासी बस्ती हटाउने विषयमा अन्तरिम आदेश जारी गरेपछि सार्वजनिक जग्गा अतिक्रमण गरी निर्माण गरिएका संरचना हटाउन रोकिएका छन्।

## *कुखुरा बोकेरै...*

सुरक्षाकर्मी संघको साँठगाँठमा केही व्यापारी तथा तस्करहरूले भारतबाट सस्तो मूल्यमा कुखुरा, अण्डा,चल्ला र दाना तथा सम्बन्धित सामग्री ल्याई आफ्नै खोरमा राख्ने, त्यसपछि नेपाली उत्पादनको रूपमा बिल काटेर बजारमा बिक्री गर्ने गरेको आरोप उनिहरुले लगाएका छन्।

जिल्ला कुखुरा व्यवसाय किसान संघ अध्यक्ष उमाशंकर साहका अनुसार १० पटक भन्दा बढी जिल्ला प्रशासन कार्यालय गौरलाई ज्ञापनपत्र बुझाएको भए पनि कुनै सुनुवाइ नभएको बताए। ‘हामीले रौतहट प्रशासन समक्ष बारम्बार आफ्ना समस्या राख्दै आयौं, तर सुनुवाही कहिल्यै भएन, अवैध गतिविधि नियन्त्रण नगरे किसान तथा साना व्यवसायी विस्थापित हुने खतरा बढ्दो छ, प्रशासनले मागबारे गम्भीरतापूर्वक छलफल गरी आवश्यक कदम चाल्नै पर्छ’, अध्यक्ष साहले भने, ‘उनीहरूले अनुगमन कडा बनाउन, तस्करी नियन्त्रण गर्न र स्वदेशी उत्पादनको संरक्षणको दायित्व सरकारको भएपनी कुखुरा किशान ऋणमा डुब्दा समेत सरकारले वेवास्ता गरेको छ।’

जिल्ला कुखुरा व्यवसायी किसान संघका सचिव राधेश्याम साहले रौतहट जिल्ला कुखुरा तस्करीको ‘हब’ बन्दै गएको बताए।

# आफ्नै भवनबाट वडा कार्यालयको सेवा प्रवाह थालनी




**मणिलाल विश्वकर्मा**

लहान, ३१ वैशाख । जनसंख्या र भूगोलको आधारमा जिल्लाकै सबैभन्दा ठुलो स्थानीय तहको रूपमा रहेको सिरहाको लहान नगरपालिका ९ लहान गोठमा नवनिर्मित चारकोठे भवनबाट वडा कार्यालयको सेवा प्रवाह थालनी गरिएको छ। नगरपालिकाको समपूरक कोष र संघीय सरकारको अनुदान अन्तर्गत टेण्डरमार्फत ३५ लाख १५ हजार रुपैयाँको लागतमा नवनिर्मित चारकोठे भवनबाट बिहीबार एक समारोहबीच नगर प्रमुख महेशप्रसाद चौधरी र वडाध्यक्ष घुरन चौधरी थारुले संयुक्त रुपमा रिवन काटेर वडा कार्यालयको विधिवत् उद्घाटनसँगै सेवा प्रवाहको थालनी गरे। नवनिर्मित भवनमा वडाध्यक्ष र वडा सचिवको छुट्टाछुट्टै कार्यकक्ष, दुई कोठा बराबरको सभाहल र शौचालय छन् ।

भवनको उद्घाटन गर्दै नगर प्रमुख चौधरीले लहान नगरपालिकाअन्तर्गतका २४ मध्ये लहान गोठसहित २० वटा वडा कार्यालयले आफ्नै सुविधा सम्पन्न भवनबाट सेवा प्रवाह गरिरहेको बताए। 'वडा कार्यालयको उद्घाटनसँगै ९ नं. वडा क्षेत्रमा पर्ने गाउँ टोलका सेवाग्राही नागरिकले पनि वडाको आफ्नै भवनबाट सेवा लिनेछन्' उनले भने 'यो भवन सबैको साझा उपलब्धि हो, वडा कार्यालयबाट लिन सकिने प्रशासनिक सेवा लिन सहज हुनेछ।'

उनका अनुसार स्थानीय तहको दोस्रो निर्वाचनपछि साढे तीन वर्षको अवधिमा हरेक आर्थिक वर्षमा पाँच/पाँचवटाको दरले १५ वटा वडा कार्यालयको भवन निर्माण गरी आफ्नै भवनबाट सेवा प्रवाह भईरहेको छ। चालु आव. २०८२/०८३ को असार मसान्तसम्म ४, १३, १६ र २४ नं. वडाको पनि भवन निर्माण सम्पन्न गरी सेवा सुचारु गर्ने गरी निर्माणको काम भइरहेको उनले बताए।

वि.सं. २०७४ को स्थानीय तहको पहिलो निर्वाचनपछि स्वास्थ्य चौकी भवनको साँघुरो कोठामा सञ्चालन हुँदै आएको वडा कार्यालय आठ वर्षपछि आफ्नै भवनमा सर्न पाएकोमा वडाध्यक्ष चौधरीले खुसी व्यक्त गरे। आफ्नै भवन नहुँदा स्वास्थ्यको साँघुरो कोठाबाट सेवा प्रवाह गर्न भोग्दै आएको कठिनाई अन्त्य भएको उनले बताए।

# मधेसमा पोषण सुधार हुनुपर्नेमा सभामुख यादवको जोड



धनुषा, ३१ वैशाख। मधेस प्रदेशसभाका सभामुख रामआशिष यादवले कुपोषण न्यूनीकरण तथा मातृशिशु स्वास्थ्य सुधारका लागि प्रदेश सरकार, स्थानीय तह र सरोकार भएका निकायबीच प्रभावकारी समन्वय आवश्यक रहेको बताउनुभएको छ। स्वास्थ्य निर्देशनालयद्वारा लालगढमा बिहीबार आयोजित तीनदिने 'प्रदेशस्तरीय पोषण नीति संवाद तथा शिखर सम्मेलनको समापन गर्दै उहाँले पोषण केवल स्वास्थ्य क्षेत्रसँग मात्र सीमित नभई शिक्षा, कृषि, खानेपानी, सरसफाइ तथा सामाजिक चेतनासँग जोडिएको विषय हो भन्नुभयो।

उहाँले मधेश प्रदेशमा अझै पनि बालबालिका तथा महिलामा कुपोषणको समस्या चुनौतीका रूपमा रहेको भन्दै त्यसलाई घटाउन दीर्घकालीन नीति, व्यावहारिक योजना तथा प्रभावकारी कार्यान्वयन अपरिहार्य भएकामा जोड दिनुभयो। मधेस प्रदेशसभाको महिला, बालबालिका तथा सामाजिक न्याय समितिकी सभापति रूपाकुमारी यादवले महिलाको स्वास्थ्य, बालअधिकार तथा पोषण सुरक्षालाई प्राथमिकतामा राखेर नीति निर्माण गर्नुपर्ने बताउनुभयो। उहाँले ग्रामीण तथा विपन्न समुदायमा अझै पनि पोषणसम्बन्धी चेतनाको अभाव देखिएको भन्दै स्थानीय तहसँग सहकार्य गरेर चेतनामूलक अभियान सञ्चालन गर्नुपर्ने विचार व्यक्त गर्नुभयो।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव डा. प्रमोद यादवले पोषण तथा जनसङ्ख्याबीच प्रत्यक्ष सम्बन्ध रहेको बताउँदै जनसङ्ख्या वृद्धि, गरिबी, अशिक्षा तथा असन्तुलित खानपानका कारण कुपोषणको समस्या चुनौती बनेको विचार व्यक्त गर्नुभयो। सम्मेलनमा पोषण, मातृ तथा शिशु स्वास्थ्य, किशोरी पोषण, जनसङ्ख्या अवस्था, खाद्य सुरक्षा तथा पोषणमैत्री नीति कार्यान्वयनलगायत विषयमा पाँच वटा कार्यपत्र प्रस्तुत गरिएको थियो।

# बरसाइत पर्वले बढायो बाँसजन्य सामग्रीको व्यापार



**जीवछ यादव**

लहान, ३१ वैशाख। बरसाइत पर्वका लागि प्रयोग हुने बाँसजन्य सामग्री बनाएर बिक्री गर्दै डुम समुदायका महिलाले राम्रो आम्दानी गर्न थालेका छन्। यस वर्ष जेठ २ गते मधेश प्रदेशमा बरसाइत पर्व मनाइने भएकाले व्रत बस्ने महिलाहरू पूजासामग्री खरिद गर्न बजारमा भिड लाग्न थालेको छ। ढकी, डाला, नाङ्लो, बेना (पंखा) लगायत बाँसको चोयाबाट बनाइने सामग्रीको माग बढेसँगै सहरी तथा ग्रामीण भेगका महिलाहरू यतिबेला सामग्री बनाउन र बिक्री गर्न व्यस्त छन्। बरसाइत पर्वमा डाला, नाङ्लो र ढकीमा पूजासामग्री राखेर पूजा गर्ने चलन रहेको छ।

लहान–१ की मिना मरिक, सीता मरिक र पूजा मरिकसहित डुम समुदायका एक दर्जनभन्दा बढी महिलालाई बिहानदेखि बेलुकासम्म बाँसजन्य सामग्री बिक्री गर्न भ्याइनभ्याइ छ। उनीहरूका अनुसार पछिल्ला केही दशकयता विभिन्न समुदाय र वर्गका महिलाले पति, सन्तान तथा पारिवारिक सुख–शान्तिको कामनासहित बरसाइत पर्व मनाउन थालेपछि यस्ता सामग्रीको माग बढ्दै गएको छ।

ग्रामीण भेगको तुलनामा सहरी क्षेत्रमा बरसाइत पर्व मनाउनेको संख्या उल्लेख्य रूपमा बढेकाले सहरी क्षेत्रका डुम समुदायले आवश्यक सामग्री बनाउन नभ्याएपछि ग्रामीण भेगसँग सम्पर्क विस्तार गरेका छन्। ग्रामीण क्षेत्रमा तयार गरिएका सामग्री सहरी क्षेत्रमा ल्याएर प्रतिसेट ५० देखि १०० रुपियाँसम्म नाफा राखी बिक्री गर्ने गरिएको मिना मरिकले बताउनुभयो। उहाँका अनुसार एउटा बाँस ३०० रुपियाँमा खरिद गरी त्यसबाट तीन सेट सामग्री तयार गर्न सकिन्छ। यसरी बरसाइत पर्वको समयमा एक परिवारले २० हजारदेखि ३० हजार रुपियाँसम्म आम्दानी गर्ने गरेका छन्।

फागुनदेखि असारसम्म विवाह, बरसाइत तथा विभिन्न पूजापर्वका लागि आवश्यक बाँसजन्य सामग्री बनाएर डुम समुदायले राम्रो आम्दानी गर्दै आएका छन्। दलित अभियानकर्मी सोनिया सदायका अनुसार डुम समुदायमा पुरुषभन्दा महिलाहरू आर्थिक उपार्जन र परिवार सञ्चालनमा बढी जिम्मेवार देखिएका छन्। उहाँले मुसहर र डुम समुदायमा मदिरा सेवनका कारण पुरुषहरू कम उमेरमै बिरामी पर्ने समस्या रहेको उल्लेख गर्दै मदिरा नियन्त्रण गर्न सके दुवै समुदायको आर्थिक अवस्था सुधार हुने बताउनुभयो। उहाँका अनुसार मदिरा सेवनमा रोक लगाउन यी समुदायका महिलाहरूले पटक–पटक माग गर्दै आएका छन्।

छोरी, आमा, दिदीबहिनी, हाम्रो शक्ति कति धनी।
हिंसा होइन सुरक्षा देऊ, सम्मानले भरिएको समाज बनाऊ।

आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम

# सप्तरीमा बेपत्ता महिलाको शव फेला

**विनय कर्ण**

सप्तरी, ३१ वैशाख। तिलाठी कोईलाडी गाउँपालिका–५ बनरझुल्ला टोलकी ३६ वर्षीया अनिता देवी राय एक सातादेखि बेपत्ता रहेको अवस्थामा मृत फेला पर्नुभएको छ। उहाँको शव बुधबार सोही वडाको 'नौ किलोमिटर' भन्ने स्थानस्थित कोशी नदीको स्परमा कुहिएको अवस्थामा फेला परेको हो। अर्धनग्न अवस्थामा फेला परेको शवको प्रारम्भिक अनुसन्धानका आधारमा हत्या गरी कोशी नदीको स्परमा फालिएको अनुमान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीले बताउनुभयो।

उहाँका अनुसार मृतकका हात र खुट्टा बाँधिएको तथा ढुङ्गा प्रहार गरी हत्या गरिएको देखिएको छ। "मृतकले लगाएको साडीले हात–खुट्टा बाँधिएको तथा श्रीमान् प्रयोग गर्ने भेस्टमा गह्रौं ढुङ्गा राखेर घाँटीमा बाँधिएको अवस्थामा शव फेला परेको देखिन्छ," प्रहरीको प्रारम्भिक भनाइ उद्धृत गर्दै उहाँले भन्नुभयो। तिलाठी कोईलाडी–५ का वडाध्यक्ष ललन राउतका अनुसार गत बुधबार छिमेकीको विवाहमा परिवारका सदस्य गएका बेला चार–पाँच जनाको अपरिचित समूहले अनिताको अपहरण गरेको हो।

अपहरणको क्रममा प्रतिवाद गर्दा उनी घाइते भएको र आँगनमा रगतका छिटा देखिएकाले प्रतिकारका बाबजुद उनलाई नियन्त्रणमा लिइएको हुनसक्ने अनुमान गरिएको वडाध्यक्ष राउतले बताउनुभयो। मृतकका श्रीमान् छोटु भनिने बिरेन्द्र राय विगत दुई वर्षदेखि वैदेशिक रोजगारीमा विदेशमा रहेको प्रहरीले जनाएको छ। घटनाको जानकारी पाएलगत्तै प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरी नेतृत्वको टोली घटनास्थल पुगेर अनुसन्धान थालेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

*जनशक्ति अभावमा...*

आर्थिक वर्ष २०८१/८२ मा रु १२ करोड लागतमा दुई वटा सिटी स्क्यान मेसिन खरिद गरिएको थियो। तीमध्ये एउटा मेसिन जनकपुरस्थित मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठान र अर्को लहान अस्पतालमा पठाइएको तत्कालीन प्रदेश आपूर्ति व्यवस्थापन केन्द्रका महानिर्देशक डा सुनिलप्रसाद कुशवाहाले जानकारी दिए।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट** : **मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)